संघीय संसद
प्रतिनिधि सभा, २०७९
तेस्रो अधिवेशन
बैठक संख्या - ३

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल फागुन ६ गते आइतबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा बिहान ११:०० बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा आकस्मिक समयमा निम्नलिखित माननीय सदस्यहरुले गत पौष २३ गते बालकुमारीमा भएको घटनाको सम्बन्धमा छानविन गर्न गठित छानविन आयोगको प्रतिवेदनले समेत दोषी देखाएका भौतिक पूर्वाधार तथा यातायात मन्त्री लगायतका व्यक्तिहरुलाई कानूनी दायरामा ल्याउनु पर्ने साथै भ्रष्टाचारको आरोपमा अख्तियारमा बयान दिएका मन्त्री एवं रामग्राम क्षेत्र निजी कम्पनीलाई लिजमा दिने निर्णय गर्ने मन्त्रीहरुलाई कारवाही गर्नुपर्ने, सांसदको व्यक्तिगत चरित्र हत्या गर्ने उद्देश्यले सर्वोच्च अदालतमा विचाराधीन मुद्दाका सम्बन्धमा राष्ट्रिय दैनिक पत्रिकामा समाचार छापिएको, प्रधानमन्त्री, मन्त्री, सांसद तथा कर्मचारीहरुलाई स्वार्थसँग जोडिएको विषय भएका देशमा भ्रमण गर्दा सम्बन्धित देशको सहायतामा भ्रमण गर्ने कार्य रोक्नुपर्ने लगायतका विषयमा आ-आफ्नो भनाई राख्नुभयो ।

१. मा० श्री महेश कुमार वर्तौला
२. मा० श्री रवि लामिछाने
३. मा० श्री दिपक खड्का
४. मा० श्री प्रेम सुवाल

त्यसपछि भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाइ राख्नुभयो:-

१. मा० श्री ठाकुर प्रसाद गैरे
२. मा० श्री डोल प्रसाद अर्याल
३. मा० श्री तेजुलाल चौधरी
४. मा० डा० तोसिमा कार्की
५. मा० श्री दिपक गिरी
६. मा० श्री दामोदर पौडेल वैरागी
७. मा० श्री दिपक बहादुर सिंह
८. मा० श्री दिलेन्द्र प्रसाद बडू
९. मा० श्री दिपा शर्मा
१०. मा० श्री दुर्गा राई
११. मा० श्री देव प्रसाद तिमल्सेना
१२. मा० श्री देवेन्द्र पौडेल
१३. मा० श्री धवलशम्मशेर जंगबहादुर राणा
१४. मा० श्री ध्रुब बहादुर प्रधान
१५. मा० श्री नागिना यादव
१६. मा० श्री नारायण प्रसाद आचार्य
१७. मा० श्री नारायणी शर्मा
१८. मा० श्री निर्मला कोइराला
१९. मा० श्री निशा डागी
२०. मा० श्री पुष्प बहादुर शाह
२१. मा० श्री पूर्ण बहादुर घर्ती मगर
२२. मा० श्री प्रतिक्षा तिवारी
२३. मा० श्री प्रेम बहादुर महर्जन
२४. मा० श्री बद्री प्रसाद पाण्डे
२५. मा० श्री बलराम अधिकारी
२६. मा० श्री बिन्दबासिनी कांसकार
२७. मा० श्री बिनिता कठायत
२८. मा० श्री तारा लामा तामाङ

तत्पश्चात् सम्माननीय सभामुखले बैठकको शून्य, विशेष र आकस्मिक समयमा मा० सदस्यहरुले उठाउनु भएको विषयका सम्बन्धमा सम्बन्धित मन्त्रीले सात दिनभित्र सदनमा जवाफ दिनुपर्ने व्यवस्था प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १५ मा रहेको तर्फ सरकारको ध्यानाकर्षण गराउनु हुँदै शून्य, आकस्मिक र विशेष समयमा सम्बन्धित मन्त्रीले जवाफ दिन प्रतिनिधि सभाको कार्यतालिकामा समेत समावेश गरिएको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त निम्नलिखित पत्रहरुको व्यहोरा पढेर सुनाउनु भयो:

(क) माननीय परराष्ट्र मन्त्री श्री नारायण प्रकाश साउद अष्ट्रेलियामा आयोजना हुने **Indian Ocean Conference** को सातौं संस्करणमा सहभागी हुन तथा न्यूजिल्याण्डका परराष्ट्र मन्त्रीसँग द्विपक्षीय भेटघाटको लागि संवत् २०८० साल माघ २४ गते अष्ट्रेलियातर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको परराष्ट्र मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय अर्थ मन्त्री डा० प्रकाशशरण महतले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

(बैकुण्ठ अर्याल)
मिति : २०८०/१०/२४ मुख्य सचिव

(ख) माननीय यवा तथा खेलकुद मन्त्री श्री डिग बहादुर लिम्बु भारतको नयाँ दिल्लीमा आयोजना हुने **BIMSTEC Aquatic Championship 2024** विषयक कार्यक्रममा सहभागी हुन संवत् २०८० साल माघ २३ गते त्यसतर्फ प्रस्थान गर्नु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको युवा तथा खेलकुद मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय शहरी विकास मन्त्री सीता गुरुङले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

(बैकुण्ठ अर्याल)
मिति : २०८०/१०/२४ मुख्य सचिव

(ग) माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारी संयुक्त अरब इमिरेट्सको दुबईमा आयोजना हुने **ABU Dhabi Dialogue / World Government Summit** मा सहभागी हुन संवत् २०८० साल माघ २६ गते त्यसतर्फ प्रस्थान गर्नु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको

कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोक कुमार राईले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

(बैकुण्ठ अर्याल)
मिति : २०८०/१०/२६ मुख्य सचिव

त्यसपछि प्रारम्भ भएको प्रतिनिधि सभा नियमावली, २०७९ को परिच्छेद ९ बमोजिमको प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रममा निम्नलिखित माननीय सदस्यहरुले राख्नुभएको प्रश्नको सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) ले जवाफ दिनुभयो:-

१. मा० श्री कल्पना चौधरी
२. मा० श्री किरण कुमार शाह
३. मा० श्री कालुराम राई
४. मा० श्री कृष्णगोपाल श्रेष्ठ
५. मा० श्री कान्तिका सेजुवाल
६. मा० श्री गोकर्णराज विष्ट
७. मा० श्री कुसुमदेवी थापा
८. मा० श्री खम बहादुर गर्बुजा
९. मा० श्री कल्पना मिया कुसारी
१०. मा० श्री गगन कुमार थापा
११. मा० श्री किसोर सिंह राठौर
१२. मा० श्री गिता बस्नेत
१३. मा० श्री गणेश पराजुली

तत्पश्चात महासचिव श्री पद्म प्रसाद पाण्डेयले राष्ट्रिय सभामा उत्पत्ति भएको “शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८०” को सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देश सहितको विधेयक टेबुल गर्नु भयो ।

तदुपरान्त राज्य व्यवस्था तथा सुशासन समितिका माननीय सभापति श्री रामहरि खतिवडाले राष्ट्रिय सभामा उत्पत्ति भएको “अनुगमन तथा मूल्याङ्कन विधेयक सम्बन्धी प्रतिवेदन, २०८०” पेश गर्नुभयो ।

त्यसपछि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ९५ को उपनियम (१) बमोजिम माननीय श्री प्रेम सुवालले “आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८० लाई अस्वीकार गरियोस्” भन्ने प्रस्ताव पेश गर्नुभयो ।

तत्पश्चात् माननीय अर्थमन्त्री डा० प्रकाश शरण महतले अध्यादेश अस्वीकार गरियोस् भन्ने प्रस्ताव राख्ने क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त माननीय श्री प्रेम सुवालले आफ्नो प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले “आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८० लाई अस्वीकार गरियोस्” भन्ने प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले अस्वीकृत भयो ।

त्यस्पछि माननीय अर्थमन्त्री डा० प्रकाश शरण महतले “आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८० लाई स्वीकृत गरियोस्” भनी राख्नु भएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले स्वीकृत भयो ।

तत्पश्चात् माननीय अर्थमन्त्री डा० प्रकाशशरण महतले “बैंकिङ कसुर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८० माथि विचार गरियोस्” भनी प्रस्ताव पेश गर्नुभयो ।

तदुपरान्त माननीय अर्थ मन्त्री डा० प्रकाश शरण महतले “बैंकिङ कसुर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८० माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलको क्रममा देहाय बमोजिमका माननीय सदस्यहरुले राख्नु भएको प्रश्नहरुको जवाफ दिनुभयो:-

१. मा० श्री असिम शाह
२. मा० श्री श्याम कुमार घिमिरे
३. मा० डा० स्वर्णिम वाग्ले
४. मा० श्री अनिशा नेपाली
५. मा० श्री राजेन्द्र कुमार के.सी.
६. मा० श्री सुशिला थिङ
७. मा० श्री प्रदिप यादव
८. मा० श्री सुमना श्रेष्ठ
९. मा० श्री ध्रुव बहादुर प्रधान
१०. मा० श्री सूर्य प्रसाद ढकाल
११. मा० डा० चन्दा कार्की भण्डारी
१२. मा० श्री ज्ञानु बस्नेत सुवेदी
१३. मा० श्री बलराम अधिकारी
१४. मा० श्री माधव सापकोटा
१५. मा० श्री विराज भक्त श्रेष्ठ
१६. मा० श्री प्रेम सुवाल
१७. मा० श्री बासुदेव घिमिरे
१८. मा० श्री भगवती चौधरी
१९. मा० श्री महेश कुमार वर्तौला
२०. मा० श्री रामहरि खतिवडा
२१. मा० श्री अशोक कुमार चौधरी
२२. मा० डा० तोसिमा कार्की
२३. मा० श्री विद्या भट्टराई
२४. मा० श्री सोबिता गौतम
२५. मा० श्री गणेश पराजुली

त्यसपछि सम्माननीय सभामुखले “बैंकिङ कसुर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८० माथि विचार गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुदा बहुमतले स्वीकृत भयो ।

तत्पश्चात् सम्माननीय सभामुखले “बैंकिङ कसुर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८०” माथि संशोधन पेश गर्न चाहने मा० सदस्यहरुले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ११२ बमोजिम बहत्तर घण्टाभित्र आफूले पेश गर्न चाहेको संशोधनको सूचना विधेयक शाखा (प्रतिनिधि सभा) मा दिनसक्नुहुने व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल फागुन १० गते बिहीबार बिहान ११:०० बजे बस्नेगरी बैठक दिनको ३:२५ बजे स्थगित भयो ।

पद्म प्रसाद पाण्डेय
महासचिव